




PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत १८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्जुछ // 2022 April 01 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१३

## स्थानीय चुनावः महानगरमा महाभीडन्तको तयारी


विजय सरावगी


अजय द्विवेदी


शान्ति कार्की


पिङ्की यादव


राजेशमान सिंह


रहवर अन्सारी


पुरुषोत्तमलाल झा


रम्भादेवी मिश्र

प्रस, वीरगंज, १७ चैत/

मधेस प्रदेशको एकमात्र महानगरपालिकामा चुनावी सरगर्मी जोडशोरले बढेको छ । नगरप्रमुख विजयकुमार सरावगी यस अघि तत्कालीन सङ्घीय समाजवादी पार्टीबाट निर्वाचित भएका थिए भने अहिले उनी एमालेमा प्रवेश गरेर सोही पार्टीबाट नगरप्रमुखको दाबेदारी गरिरहेका छन् । सरावगीले गत स्थानीय चुनावमा १९ हजार ३९३ मत ल्याएका थिए ।

एमालेबाट उपप्रमुखमा गत स्थानीय चुनावमा सोफिया आचार्य चुनाव लडेकी थिइन् । अहिले उनी नेकपा एकीकृत समाजवादी पार्टीमा समाहित भएकी छन् र एमालेले अहिले उपप्रमुखको निधो गरिसकेको छैन ।

एमाले, पर्साका इन्चार्ज प्रभु हजराले उपप्रमुखको लागि अहिले कसैको पनि

(बाँकी पाँचौं पातामा)

## पोखरिया नगरपालिकामा चार दिनदेखि तालाबन्दी

प्रस, पोखरिया, १७ चैत/

पोखरिया नगरपालिकामा प्रमुख कार्यकारी अधिकृतको विषयलाई लिएर पुन विवाद शुरू भएको छ ।

अशोक रौनियार प्रमुख कार्यकारी अधिकृतमा हाजिर भएपछि एक पक्षले चार दिनदेखि नगरपालिकामा तालाबन्दी गरेका हुन् ।

प्रमुख प्रशासकीय अधिकृत

(बाँकी पाँचौं पातामा)


नगरपालिकामा सेवा लिन आएका सेवाग्राहीहरू । तस्वीरः प्रतीक

**पर्सागढी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश नेपाल

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीले निवेदन दिने सम्बन्धी ७ दिने सूचना**

(प्रथमपटक प्रकाशित मिति २०७८/१२/१८)

प्रस्तुत विषयमा नेपाल सरकार राष्ट्रिय भूमि आयोग रेडक्रस मार्ग ताहाचाल काठमाडौंद्वारा यस पर्सागढी नगरपालिका हरपुर, पर्सा अन्तर्गत रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको पहिचान लगत सङ्कलन प्रमाणीकरण र नक्शा गर्ने कार्यपश्चात् उपर्युक्त लाभग्राहीहरूलाई नियम अनुसार लालपुर्जा वितरण कार्यका लागि मिति २०७८ चैत्र १७ गतेका दिन गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सूचनाबमोजिम निवेदन फारम सङ्कलन तथा प्रमाणीकरण गर्ने कार्य सम्पूर्ण वडाहरूमार्फत यो सूचना प्रकाशन मितिले ७ दिन सम्महुने भएको हुँदा सम्बन्धित वडा कार्यालयहरूमा गई सम्बन्धित लाभग्राहीहरूले अनुसूची ३ र ४ बमोजिम निवेदन फारम भर्न भराउन जानकारी गराइन्छ । आवेदन फारम वडा कार्यालयहरूबाट निश्शुल्क उपलब्ध गराइने छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**



## विचारसार र सूक्तिहरू

प्रेमविहीन हृदयको लागि संसार कालकोठरी हुन्छ, जुन नैराश्य र अन्धकारले भरिएको हुन्छ ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# घोषणा कार्यान्वयन होस्

**पर्सा जिल्लाको ठोरी गाउँपालिका मधेस प्रदेशको पहिलो पर्यटकीय क्षेत्र घोषणा भएको छ र सोसँगै पटेर्वासुगौली गापाको पर्सा राष्ट्रिय निकुञ्जको जङ्गलभित्र रहेको दुग्धेश्वर महादेव मन्दिर रहेको रामभौरी भाठा धार्मिक पर्यटकीय क्षेत्र घोषणा भएको छ। मधेस प्रदेश सरकारको मन्त्रिमण्डल पहिलोचोटी राजधानी बाहिर ठोरीमा रहेको ठोरी जङ्गल रिसोर्टमा बैठक बसी यो निर्णय गरेको हो । ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा गरेसँगै पर्यटकीय क्षेत्र विकासको लागि दश करोड रकम पनि विनियोजन गरेको छ । कुनै बेला सडक सञ्जालको अभावमा ठोरी, सुगम जिल्लाको दुर्गम स्थानको रूपमा परिचित थियो । तर अहिले त्यो अवस्था छैन । ठोरीवासीले ०५३ सालमा पहिलोचोटी बस सेवा पाएका थिए । उत्तिखेर ठोरी जानका लागि कठिन बाटो काट्नुपर्दथ्यो र यही कारण सरकारी कर्मचारी र आमजनता भारतको भिखनाठोरीसम्म रक्सौलबाट रेलयात्रा गरी जाने गर्दथे । रमणीय भएर पनि ठोरी दुर्गम थियो । ठोरीलाई चारैतिरबाट नदी परिवेष्टित भएकोले बाटो निर्माण सुगम थिएन ।**

**अहिले त्यो अवस्थामा निकै परिवर्तन भएको छ । कच्ची, ग्रेभलपछि अहिले ठोरीसम्म हुलाकी पक्की सडक सञ्जाल बनिसकेको छ । कालोपत्रबाट करीब ५७ किलोमिटरको यात्रा अहिले सहज भएको छ र डेढ घण्टामा पुग्न सकिन्छ । डाँडा, जङ्गल, नदीले भरिएको ठोरी प्राकृतिकरूपमैं सुन्दर भएकोले सीमावर्ती भारतीयहरूको बिदा मनाउने गन्तव्य बनेकै थियो । अहिले पर्सा, बारा, सर्लाही, मकवानपुर, चितवनलगायतका मानिसहरूको पनि गन्तव्य बन्दैछ । यसैकारण अहिले ठोरीमा विभिन्न उत्सव मनाउन जाने क्रम बढेको छ । अहिले ठोरी जङ्गल रिसोर्ट बनेर सञ्चालनमा आएको छ भने यस अघि नै प्रदेशको पहिलो होमस्टे सञ्चालन भएको थियो । हुलाकी सडकको निर्माणपछि ठोरीमा विभिन्न बहानामा रमाइलो गर्न जानेहरूको सङ्ख्या अप्रत्याशितरूपमा बढेको छ। पटेर्वासुगौली गापाको भाठास्थित दुग्धेश्वर महादेव मन्दिरलाई धार्मिक पर्यटन क्षेत्र घोषणा गरिएको छ । तर अहिलेसम्म ठोरीबाट सो स्थानसम्म पुग्ने सरल सडक निर्माण हुन सकेको छैन । जसले गर्दा ठोरीलाई गन्तव्य बनाउने पर्यटकहरू सो स्थानसम्म सहज पुग्न सकिरहेका छैनन् । नेपाल–भारतमा दुग्धेश्वर महादेव मन्दिरको प्रसिद्धि छ । भाठा मेला भर्नका लागि नेपालका विभिन्न स्थान र भारतको सीमावर्ती शहरहरूबाट ठूलो सङ्ख्यामा मानिसहरू आउने गर्छन् । सडक विस्तार र यातायातको सहज व्यवस्था हुने हो भने ठोरीसँगै भाठाको विकास पनि समानरूपमा हुन्थ्यो ।**

**पर्सा, बारा र रौतहटका विभिन्न स्थानहरूलाई पर्यटकीय स्थल बनाउन यस अघि तराई पर्यटन विकास समितिले पनि काम गरेको थियो । उसले तीन जिल्लाका पर्यटकीय र धार्मिक पर्यटनका सम्भावना बोकेका स्थानहरूको पहिचान गरेर सोसम्बन्धी गुरुयोजना पनि तयार गरेर तत्कालीन सरोकारवाला निकायमा बुझाएको थियो । तर नेपालमा राम्रो काम गर्नका लागि पनि समान राजनीतिक आस्था बोकेका मानिसहरू हुनैपर्छ । हैन भने फरक राजनीतिक धारका मानिस सत्तामा रहेको बेला तयार भएका राम्रा कार्यहरूको अर्को विपरीत राजनीतिक आस्था राख्नेले कार्यान्वयन गर्दैनन् । ठोरी र भाठाको विकासका लागि प्रदेश सरकारले गरेको निर्णयको हकमा यस्तो नहोस् !**

# चिनियाँ विदेशमन्त्रीको नेपाल भ्रमण

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**चीनले ऋणलाई अनुदानमा बदल्ने प्रतिबद्धता जनाएको भए उपलब्धि मान्न सकिन्थ्यो । दातृ निकायमध्ये सबैभन्दा बढी ब्याजमा ऋण लिएर आयोजना बनिरहेको छ, चिनियाँ अनुदानमा होइन । नेपालमा हुने वैदेशिक लगानीमा सबैभन्दा महँगो ब्याजको ऋण चीनकै हुने गर्दछ ।**

चिनियाँ विदेशमन्त्री वाङ यीको तीन दिने नेपाल भ्रमण सकिएको छ । अफगानिस्तान, पाकिस्तान र भारत हुँदै नेपाल पुगेका उनको यस भ्रमणलाई सन्तोषजनक मान्न सकिन्छ । देशका वामपन्थी राजनीतिक दलहरूले अपेक्षा गरे अनुसार यो भ्रमण सफल साबित भएन । नेपाल र नेपाली जनताको बृहत्तर हितलाई ध्यानमा राखी वर्तमान सरकारले जुन दृढताका साथ एवं प्रस्टरूपमा नेपालको पक्ष चिनियाँ विदेशमन्त्रीसमक्ष राख्ने काम गर्‍यो यसको प्रशंसा नगर्नु अन्याय हुनेछ। विगत सात वर्षदेखि चालू हुन नसकेका उत्तरी सीमानाकाहरू, चीनमा प्रवेश गर्न नसकेका त्यहाँ अध्ययनरत ५ सयभन्दा बढी एमबिबिएस छात्रहरूको भविष्य, नेपाली उत्पादनलाई चिनियाँ बजारमा प्रवेशमा लगाइएको अघोषित रोक, चिनियाँ राष्ट्रपति सी जिनपिङको महत्त्वाकाङ्क्षी आर्थिक परियोजना, बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) बारे उत्पन्न अनेकौं जिज्ञासाबारे प्रस्ट तथा एमसिसी परियोजनालाई विशुद्ध आर्थिक अनुदान सहयोग बुझ्न तथा कुनै पनि छिमेकी राष्ट्रको विरोधमा नभएकोलाई नेपाल सरकारले जुन प्रस्टताका साथ चिनियाँ विदेशमन्त्रीसामु राख्ने काम गर्‍यो यसले हाम्रो दृढ, दूरगामी तथा परिपक्व परराष्ट्रनीतिलाई प्रदर्शित गरेको छ ।

चिनियाँ विदेशमन्त्री वाङ यी र नेपालका परराष्ट्रमन्त्री डा नारायण खड्काबीच भएको दुई पक्षीय भेटवार्तामा नेपालले चीनमा अध्ययनरत नेपाली विद्यार्थी कोरोना महामारीपछि फर्किन नपाएर समस्यामा परेको भन्दै त्यसको तत्काल समाधान गर्न आग्रह गरेको छ। उनीहरूलाई चीनको विद्यमान स्वास्थ्य प्रोटोकल पूरा गरेर अध्ययनका लागि जान दिन नेपालले गरेको आग्रहलाई चिनिया विदेशमन्त्रीले दुई वर्षदेखि फर्किन नपाएका विद्यार्थीलाई प्राथमिकताका आधारमा फर्किन सहजीकरण गर्ने आश्वासन दिएका छन्। उनको आश्वासन कार्यान्वयनमा आएपछि मात्रै पीडित नेपाली छात्रहरूको भविष्य सुरक्षित हुनेछ। चीनमा एमबिबिएस पढ्न जाने अधिकांश नेपाली छात्रहरू मध्यमवर्गीय परिवारका हुन्छन्। कतिपयले घर, जग्गा बिक्री गरेर त कतिपयले चर्को ब्याजदरमा ऋण लिएर पनि त्यहाँ पढ्न गएका छन् तसर्थ पनि यी नेपाली छात्रहरूको पीडा र समस्याको अन्त्य हुनु आवश्यक छ ।

वि.सं. २०७२ सालमा आएको भूकम्पका कारण क्षतिग्रस्त तातोपानी नाका चालू गर्न तीन–चार वर्षसम्म चीनले वास्ता नै गरेन जबकि विगत दुई वर्षदेखि कोरोनाको बहानामा उसले उत्तरी नाकाबाट आयात–निर्यात व्यापार हुन दिइरहेको छैन । दैनिक चिनियाँ उत्पादनको प्रयोग गर्न पल्किसकेका नेपालीहरू विगत सात/आठ वर्षदेखि महँगो दरमा खरीद गर्न बाध्य भएका छन्। नेपालबाट चीनतर्फ निर्यात त नाम मात्रकै भइरहेको छ। चीनसित दुई पक्षीय व्यापारमा नेपालले भोग्दै आएको व्यापार घाटा कम गर्न चीनले असल मित्रको परिचय दिनु आवश्यक छ । चीनले कोरोना महामारीका कारण आवतजावत तथा व्यापारमा उत्पन्न समस्या समाधान गर्न प्रतिबद्धता व्यक्त गरेको छ ।

चिनियाँ विदेशमन्त्रीको नेपाल भ्रमणमा विभिन्न ९ बुँदामा समझदारी पनि भएको छ। जसमा विश्व व्यापार सङ्गठनको मान्यता अनुसार नेपालबाट चीन निर्यात हुने वस्तुमध्ये ९८ प्रतिशतलाई भन्सार छुट दिनेसम्बन्धी सम्झौतामा पनि हस्ताक्षर भएको छ। नेपालमा उत्पादन नै नहुने, विश्व व्यापार सङ्गठनको मान्यता अनुसार चीनमा निर्यात योग्य मानिने कि नमानिने अथवा चीनको प्राथमिकतामा पर्ने कि नपर्नेलगायत विषय कालान्तरमा चर्चामा आउने निश्चित छ ।

चिनियाँ सहयोगमा अरनिको राजमार्गको तेस्रो चरण मरम्मत सम्पन्न भएको प्रमाणपत्र हस्तान्तरणसम्बन्धी समझदारीपत्रमा पनि हस्ताक्षर भएको छ । चीनजस्तो विश्वको ठूलो आर्थिक शक्तिको निम्ति अरनिको राजमार्गको मरम्मत गर्न झन्डै सात वर्ष लाग्नुले नेपालको निम्ति चीनको मानसिकतालाई दर्शाउँछ । नेपाल–चीन सीमापार रेलवे निर्माणको सम्भाव्यता अध्ययनका लागि प्राविधिक सहयोगसम्बन्धी सम्झैतापत्रमा हस्ताक्षर भएको छ। यसमा बढी उत्साही हुनुपर्ने कुनै कारण छैन। चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका बेला सन् २०१९ मा सम्भाव्यता अध्ययनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । तर त्यसको तीन वर्षपछि चीनले प्राविधिक सहयोग गर्नेबारे हस्ताक्षर गरेको छ । डिपिआर कति वर्षमा तयार हुने हो ? त्यसपछि बल्ल रेलमार्ग निर्माणको विषय चर्चामा आउने छ। चार–पाँच खर्ब ऋण काढेर विकट पहाडी क्षेत्रमा रेलमार्ग निर्माणको औचित्य बुझिएन । रेलवे क्षेत्रमा सहकार्य बढाउने सम्बन्धमा पनि समझदारीपत्रमा हस्ताक्षर भएको छ । यसको सान्दर्भिकता बुझ्न सकिएन ।

नेपाल चीनबीच पावरग्रीड इन्टरकनेक्शनको सम्भाव्यता अध्ययनका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ। नेपालबाट उत्पादित बिजुली चीनले खरीद गर्ने प्रश्न नै उठ्दैन। अब हामी आफैंले पनि पर्याप्त मात्रामा बिजुली उत्पादन गर्ने अवस्थामा पुग्ने भएका कारण चीनबाट बिजुली आयात गर्नुपर्ने कारण देखिंदैन । फेरि विद्युत् प्रसारण लाइन निर्माणमा लाग्ने खर्च पनि हामीले ऋणबाट नै गर्ने हो। हेलेन घाँसको निर्यात गर्ने र खोप प्रमाणपत्रसम्बन्धी समझदारीपत्रमा भएका हस्ताक्षर खासै महत्त्वपूर्ण छैनन् ।

चिनियाँ राष्ट्रपति सी जिनपिङको भ्रमणका क्रममा भएको घोषणा अनुसार चीनले ११ अर्ब ४० करोड रुपियाँ बराबरको परियोजनाका लागि नेपाललाई सहायता दिने भएको छ। यो रकम बराबरको परियोजना नेपालले पठाउने र चीनले त्यसमा लगानी गर्नेछ। नेपाल–चीन आर्थिक तथा प्राविधिक सहायता शीर्षकको यो रकमबारे चिनियाँ राष्ट्रपतिको भ्रमणका बेला घोषणा भएको साढे दुई वर्षपश्चात् हस्ताक्षर भएको छ । यस भ्रमणमा भएका कुनै पनि समझदारीको सार्थकता त्यति बेला मात्रै साबित हुन्छ जब यो कार्यान्वयनमा आउँछ । तत्कालका लागि सीमानाका चालू हुनु र नेपाली विद्यार्थी चीन गएर अधूरो रहेको एमबिबिएसको अध्ययन पूरा गर्ने अवसर प्राप्त हुनु नै उपलब्धि हुनेछ ।

प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा चिनियाँ परराष्ट्रमन्त्री वाङले नेपाली समकक्षी डा नारायण खड्कालाई पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको साङ्केतिक चाबी हस्तान्तरण गरेका छन्। पोखरा विमानस्थलका लागि नेपालले २०७३ सालमा चीनसँग २१ करोड ५९ लाख ६० हजार अमेरिकी डलर ऋण लिएको थियो । वार्षिक दुई प्रतिशत ब्याजमा २० वर्षका लागि चिनियाँ ऋण लिएर विमानस्थल निर्माण भएको हो । एशियाली विकास बैंक, विश्व बैंक र अन्य दाताराष्ट्रहरूले नेपाललाई तथा विश्वका अन्य देशलाई समेत ०.५ प्रतिशत र जापानले नेपाललाई ०.०१ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउँदै आएको छ । घोषितरूपमा नेपालको भरपर्दो र प्रत्येक सङ्कटमा सहयोग गर्ने एकमात्र छिमेकी राष्ट्र कहलिएको चीनले २ प्रतिशत ब्याजदरमा ऋण प्रदान गरेको छ। बिआरआई अन्तर्गत दिइने ऋण ५ प्रतिशतसम्म पनि हुने गर्दछ ।

नेपाल र चीन दुवैले एकअर्काको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वतन्त्रताप्रति समर्थन व्यक्त गरेका छन् जबकि नेपालका तर्फबाट एक चीन नीतिप्रति पुनः प्रतिबद्धता जनाइएको छ । चिनियाँ विदेशमन्त्रीले नेपाललाई पोखरा क्षेत्रीय विमानस्थलको साँचो हस्तान्तरण गरेका छन् तर ल्यान्डफिल साइट स्थानान्तरण, डाँडा कटान, वर्षाको पानी नियन्त्रण गर्न नहर तथा ढलको व्यवस्थापन र नेपाल आयल निगम डिपो निर्माण कार्य बाँकी नै छ । यसबाहेक डेकोरेशन, फिनिसिङ, केही भेइकल, फायर भेहिकल आयात र बोर्डिङ ब्रिज जडान काम बाँकी छ ।

कूटनीति र राजनीतिका विज्ञहरूका अनुसार यस हस्तान्तरणलाई प्रोटोकल मिलेको मान्न सकिंदैन। निर्माण सम्पन्न नभएको आयोजनाको साँचो हस्तान्तरण लोकप्रिताका लागि मात्रै भएको हो । यति तामझामका साथ यस कार्यक्रमको आयोजनाको औचित्य नै थिएन। चीनले ऋणलाई अनुदानमा बदल्ने प्रतिबद्धता जनाएको भए उपलब्धि मान्न सकिन्थ्यो। दातृ निकायमध्ये सबैभन्दा बढी ब्याजमा लिएको ऋणबाट आयोजना बनिरहेको छ, चिनियाँ अनुदानमा होइन। नेपालमा हुने वैदेशिक लगानीमा सबैभन्दा महँगो ब्याजको ऋण चीनकै हुने गर्दछ ।

नेपाल आफैं अहिले आर्थिक सङ्कटबाट गुज्रिरहेको अवस्थामा बिआरआई अन्तर्गतको ऋण लिएर नेपाल आफूलाई ऋणको पासोमा पार्न सक्दैन । शायद त्यही भएर होला चिनियाँ विदेशमन्त्रीलाई बिआरआई अन्तर्गतको परियोजना ऋण हो कि अनुदान भन्ने विषयमा नेपाल प्रस्ट हुन चाहन्छ । बिआरआईबारे थप प्रस्ट नभइन्जेल यस परियोजनालाई अघि बढाउन नसकिने जवाफ चिनियाँ विदेशमन्त्रीलाई दिने काम भएको छ । परियोजना कार्यान्वयन मोडालिटीका विषयमा गहन छलफल आवश्यक देखिन्छ। आर्थिक अवस्थासमेत राम्रो नभएका बेला मुलुकले ऋण धान्न नसक्ने भन्दै बिआरआई अन्तर्गतका ऋण लिन नेपाल तयार हुन सक्दैन भन्ने प्रस्ट सन्देश नेपालले दिइसकेको छ ।

नेपालको सार्वभौम सांसदले चिनियाँ आपत्तिका बावजूद पारित गरेको विषय चीनलाई मन परेको छैन । शायद त्यही भएर होला उसले पश्चिमाले तिब्बती शरणार्थीलाई प्रयोग गरेको भन्दै नेपालको ध्यानाकर्षण गराइयो । एक किसिमले एमसिसी अनुमोदनलाई जोडेर आफ्नो देशको सुरक्षामा चिनियाँ चासो व्यक्त भइरहेको छ । चिनियाँ विदेशमन्त्रीको नेपाल भ्रमण दुवै देशले सोचेजस्तो सफल मान्न सकिंदैन ।

# खुशीयाली जीवन एवं स्वस्थ समृद्ध समाज निर्माणबारे प्रवचन कार्यक्रम

प्रस, सिम्रौनगढ, १७ चैत/

खुशीयाली जीवन एवं स्वस्थ समृद्ध समाज निर्माण विषयक तीन दिवसीय प्रवचन कार्यक्रम आज सिम्रौनगढ–७ टोल खजानीस्थित नेरामावि प्राङ्गणमा शुरू भयो ।



तस्वीरः प्रतीक

यस अवसरमा प्रमुख अतिथि सनातन धर्म रक्षा मञ्चका अध्यक्ष ओमप्रकाश ठाकुरले बताए कि जीवनमा मीठो वचन अति आवश्यक छ । मीठो वचनले सकारात्मक सोचको उदय हुन्छ। इतिहास साक्षी छ अप्रिय वचनले महाभारतजस्ता ठूला–ठूला युद्ध भएका छन्। मीठो वचनले समाजमा मधुरता र सुखको आभास हुन्छ, बैरी पनि मित्र देखिन्छ। विश्वमा शान्ति स्थापनाका लागि मीठो वचन थप ऊर्जाको स्रोत हो ।

ब्रह्माकुमारी राजयोगकी क्षेत्रीय सञ्चालिका रबिना दिदीको अध्यक्षतामा भएको यस कार्यक्रममा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र कलैयाकी सञ्चालिका मीना दिदी, जितपुर सेवा केन्द्रकी सञ्चालिका रेनु दिदी कोल्हवी सेवा केन्द्रकी सुनीता दिदी, बघवन सेवा केन्द्रकी प्रियन्का दिदी, बरियारपुर सेवा केन्द्रकी गङ्गा दिदी, वीरगंज सेवा केन्द्रका जितेन्द्र यादव, ब्रह्मकुमार राजु घले, लेखक एवं विचारक डा. शोभाकर पराजुली, शिक्षक देवेन्द्र गिरी, समाजसेवी भरत बहादुर मल्ल, सिम्रौनगढ–१ का वार्ड अध्यक्ष सुमित जयसवाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

ब्रह्माकुमारी राजयोग उपसेवा केन्द्र सिम्रौनगढको आयोजनामा भएको यस कार्यक्रमको सञ्चालन सुषमा बहन र स्वागत निर्मला दिदीले गरेका थिए ।

कार्यक्रमको उद्घाटन प्रमुख अतिथि र आमन्त्रित अन्य अतिथि मिली सामूहिक रूपले पानसमा बत्ती बाली गरेका थिए।

यस अवसरमा महिला र पुरुष भक्तजन गरी ४०० जनाको उपस्थिति थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नाजुक आर्थिक अवस्था र समाधानका उपाय

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**तर पनि आशा गरौं, जहिले पनि शक्ति र सत्ताको लागि नित्य जालझेल गर्ने नेताहरूको सोचमा परिवर्तन आउने छ र उनीहरूले देशको बिग्रँदो आर्थिक अवस्थामा सुधार ल्याउनेतर्फ ध्यान दिनेछन् । आशा बलवती राजन शैल्यौ जयती पाण्डवम्... ।**

नेपालका अर्थविद् एवं अर्थशास्त्रीहरूले मात्र होइन, अर्थ व्यवस्थमा सामान्य जानकारी राख्ने व्यक्तिले पनि नेपालको अर्थ व्यवस्था श्रीलङ्काजस्तो हुने चेतावनी सरकार र सम्बद्ध पक्षलाई दिइरहेका छन् । श्रीलङ्का अहिले आर्थिकरूपमा टाट पल्टिने स्थितिमा पुगेको छ । श्रीलङ्का अहिले ऋणमा डुबेको छ । देशलाई आवश्यक पर्ने सामग्री आयात गर्न पर्याप्त विदेशी मुद्रा, खासगरी डलर छैन ।

युरोपको धनी देश ग्रीस पनि केही समय पहिले श्रीलङ्काको स्थितिमा पुगेको थियो । तर अहिले भने सुधारोन्मुख छ । लेबेनानको स्थिति त झन् श्रीलङ्काभन्दा पनि खराब छ । ग्रीस, लेबेनान, श्रीलङ्काको आर्थिक स्थिति कसरी नाजुक स्थितिमा पुग्यो त्यसबारे पछि चर्चा गरौंला । अहिले भने नेपालको आर्थिक स्थिति किन नाजुक अवस्थामा पुग्यो त्यसको कारण खोजौं र नेपालको बिग्रँदो आर्थिक अवस्थामा कसरी सुधार ल्याउन सकिन्छ भन्नेबारे पनि छलफल गरौं ।

**अर्थ व्यवस्था नाजुक हुनुका कारणहरू–**

नेपालको आर्थिक अवस्था नाजुक हुनुको प्रमुख कारण हो राजनीतिक दलहरूबीच सत्ताको लागि जहिले पनि खिंचातानी हुनु र राष्ट्रिय अर्थ व्यवस्थालाई महत्त्व नदिएर दलहरू आआफ्नो स्वार्थ सिद्धिमा लाग्नु । राष्ट्रिय अर्थ व्यवस्था नाजुक हुन थालेको स्थितिमा सबै राजनीतिक दलका अध्यक्षहरूले राष्ट्रिय सहमति गरेर आर्थिक विकासका मुद्दा सम्बोधन गर्नुपर्ने थियो । तर उल्टो, देशमा आर्थिक सङ्कट आउन थालेको स्थितिका लागि एउटा दलको नेताले अर्को दलको नेतालाई दोषी देखाएर, आआफ्नो किसिमले फाइदा उठाउने काम गरिरहेका छन् । हामीले स्पष्टरूपमा बुझ्नुपर्ने कुरा के हो भने पृथकपृथक दलका राजनीतिक उद्देश्य भिन्नभिन्न भए तापनि राष्ट्रिय आर्थिक विकासमा भने एकता अवश्य कायम हुनुपर्दछ । राष्ट्रिय आर्थिक विषयमा नेताहरू गम्भीर हुँदैनन् र देशको आर्थिक स्थिति झन्झन् बिग्रियो भने हामीले कुनै एक राजनीतिक दल होइन, नेपालका सबै राजनीति दलहरूलाई दोषी मान्नुपर्छ । मुख्यगरी हरेक दलका अध्यक्षहरूलाई नेपालको आर्थिक स्थिति नाजुक पार्ने दोषीको रूपमा लिनुपर्छ । कुनै गाउँमा आगो लागेमा जसको घरमा आगो लागेको हो आगो निभाउने दायित्व उसको मात्र नभएर गाउँभरिका मानिसको भएझैं देशलाई आर्थिक सङ्कटबाट बाहिर ल्याउने दायित्व पनि सबै राजनीतिक दलका नेताहरूको र खासगरी अध्यक्षहरूको हुन पुग्दछ । त्यो दायित्व केवल सरकार वा सरकारमा रहेका दलहरूको मात्र हुँदैन । देशको बिग्रँदो आर्थिक स्थितिमा सुधार ल्याउने तर्फ केपी ओली, माधव नेपाल, पुष्पकमल दहाल, महन्त ठाकुर, उपेन्द्र यादव, राजेन्द्र लिंग्देन आदि कसैले ध्यान दिंदैन भने भोलिको चुनावमा जनताले उनीहरूलाई अवश्य पनि पराजित गर्नुपर्छ । अन्य समयमा सत्तासुख भोग गर्ने तर देशमा आर्थिक सङ्कट उत्पन्न हुन थालेको स्थितिमा पन्छिएर हिंड्ने नेताहरूलाई चुनावमा पुनःपुनः विजयी गराउनुको अर्थ मतदाता पनि आफ्नोमात्र स्वार्थमा लिप्त हुनु हो । यो देश र जनताप्रति अपराध हो ।

देशको आर्थिक अवस्था सङ्कटग्रस्त स्थितिमा पुऱ्याउने काम नेताहरूले गरेको हुनाले अर्थ व्यवस्थालाई राम्रो तुल्याउने जिम्मेवारी पनि उनीहरूकै हो । राजनीतिक दलहरूबीच हुने निरन्तरको कलह, षड्यन्त्र, दाउपेचले गर्दा नै नेपालको आर्थिक स्थिति सङ्कटग्रस्त हुन पुगेको हो । यसमा दुई मत हुनै सक्तैन ।

नेपालको अर्थ व्यवस्था सङ्कटग्रस्त हुनुको अर्को, तर अति महत्त्वपूर्ण कारण हो सरकार, निजी क्षेत्र र सर्वसाधरणले समेत कृषि क्षेत्रलाई महत्त्व नदिनु । नेपालको जनशक्तिको ठूलो हिस्सा अहिले विदेशमा त छ नै, नेपालमा भएको जनशक्तिले पनि कृषिलाई महत्त्व दिने गरेको छैन । तरकारी, फलफूलसमेत हामी आयात गर्ने बाध्यतामा छौं । अन्न उत्पादन पनि हामीले यथेष्ट मात्रामा गर्न सकेका छैनौं । अन्य सामान पनि विदेशबाट आयात गर्नुपर्ने स्थिति छ । सरकार र राजनीतिक दलहरूले राम्रो कृषि नीति नल्याएको हुनाले नै अहिले कृषिमा लगानी कम हुनुका साथै कृषि उत्पादन निर्वाहको लागि समेत हुन सकेको छैन । नेपालको कृषि दयनीय हुनुमा केवल सरकारलाई मात्र दोषी देखाएर पुग्दैन । कृषिमा लगानी बढाउनेतर्फ निजी क्षेत्र र सर्वसाधारणले पनि ध्यान दिनुपर्ने थियो । नेपालमा कृषि उत्पादन बढाउन निजी क्षेत्रले पनि पटक्कै ध्यान दिएन । निजी क्षेत्र तत्काल नाफा आउने व्यापारिक क्षेत्राममा मात्र संलग्न रह्यो । निजी क्षेत्रले केवल व्यापार (वित्तीय संस्था, बैक, बीमा आदि) मा लगानी गऱ्यो । शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी गऱ्यो तर कृषिमा लगानी गरेन । नेपालको आर्थिक स्थिति नाजुक हुनुमा निजी क्षेत्रलाई पनि दोषी मान्नुपर्छ । केवल सरकारलाई दोषी मानेर हुँदैन । केवल नाफा खान पल्लेका व्यापारीहरूलाई पनि जिम्मेवार ठहऱ्याउनुपर्छ । राष्ट्रको आर्थिक विकासको जिम्मेवारी निजी क्षेत्रले पनि लिनुपर्छ । नीजी क्षेत्रले राष्ट्र आत्मनिर्भर हुने क्षेत्रमा पनि लगानी गर्नुपर्छ ।

मानव तस्करहरूलाई ६० देखि ८० हजार रुपियाँ बुझाएर गैरकानूनीरूपमा अमेरिका पस्ने र अमेरिका पसेर केवल सामान्य आम्दानीमा गुजारा गर्ने, उल्टो मानव तस्करहरूलाई दिएको पैसा पनि उठाउन धौधौ भए पनि त्यस किसिमबाट अमेरिका आउन नछाड्ने हाम्रो मनोविज्ञानले गर्दा पनि हाम्रो कृषि क्षेत्र उभो लाग्न नसकेको हो । जो व्यक्ति ६० देखि ८० लाख रुपियाँ भुक्तान गरेर गैरकानूनीरूपमा अमेरिका आउने आर्थिक क्षमता राख्छ के त्यो व्यक्तिले तरकारी खेती गरेर भए पनि स्वदेशमा नै रोजगार पाउन सक्तैन ? कृषिप्रति हाम्रो नकारात्मक मनोविज्ञानले पनि हामीलाई कृषिको क्षेत्रमा पछाडि पारेको हो । हाम्रो देशको आर्थिक स्थिति सङ्कटको नजीक लगेको हो ।

हामी सर्वसाधारणको मनोविज्ञान पनि राष्ट्रिय कृषि पछाडि पर्नुका लागि जिम्मेवार छ । कृषिलाई हामी इज्जतदार पेशा मान्दैनौं । अरबको रेगिस्तानमा गएर तातो बालुवामा काम गर्छौं तर स्वदेशमा बसेर कृषि कार्य गर्न रुचाउँदैनौं, त्यसमा इज्जत देख्दैनौं । यसरी राष्ट्रिय अर्थतन्त्रलाई सङ्कट नजीक पुऱ्याउने काम हामी सर्वसाधारणले पनि गरेका छौं ।

**समाधानका उपाय**

केवल समस्या देखाएर, स्थितिलाई झनै भयावह तुल्याएर आफ्नो भनाइलाई लोकप्रिय तुल्याउनुका सट्टा राष्ट्रिय समस्या सामाधानका उपाय खोजी गर्नुपर्छ ।

देशलाई आर्थिकरूपमा टाट पल्टिनबाट जोगाउन हामीले गर्नुपर्ने पहिलो कार्य हो कृषि उत्पादनमा जोड दिनु । जोसँग जुन स्थितिमा, जुन क्षेत्रफलमा जग्गा छ त्यसको उपयोग गरौं । जग्गा हुने प्रत्येक व्यक्ति वा परिवारले आफूसँग रहेको जग्गाको उपयोग गरौं । जे जस्तो अन्न उत्पादन हुन सक्छ त्यो उत्पादन गरौं । ठूलो परिमाणमा खाद्यान्न आयात गर्नुपर्ने स्थितिबाट बाहिर आऔं । यसैगरी जोसँग जुन स्थितिमा जे जत्रो आकारको बारी छ त्यसमा तरकारी उत्पादन गरौं । बारी छैन भने गमलामा नै भए पनि तरकारी उत्पादन गरौं । विदेशबाट ठूलो परिमाणमा तरकारी आयात गर्नुपर्ने स्थिति अन्त्य गरौं । गमलामा भए पनि, सानो परिमाणमा नै सही, यदि हामीले देशभरि तरकारी उत्पादन गर्न सक्यौं भने विदेशबाट दुःख गरेर कमाएर ल्याएको मुद्राको ठूलो भाग केवल तरकारी खरीद गर्न बाहिर जाँदैन र विदेशबाट कष्ट गरेर कमाएर ल्याएको पैसा (रेमिट्यान्स) राष्ट्रको विकास कार्य (पूर्वाधारहरूको निर्माण) मा खर्च हुन्छ । देशमा पूर्वाधार (सडक, पुल, स्कूल, अस्पताल आदि) निर्माण द्रुततर गतिमा भएमा मुलुक समृद्धिको दिशातर्फ अग्रसर हुन्छ । त्यसकारण आजैदेखि गमलामा नै भए पनि तरकारी उत्पादन गर्न प्रारम्भ गरौं । अर्थशास्त्रका ठूला–ठूला सिद्धान्त छाँटेर देशको आर्थिक विकास हुँदैन । बरु सानासाना कार्यहरू (जस्तै गमलामा नै भए पनि तरकारी खेती) गरेर देशको आर्थिक विकास उकास्न सकिन्छ ।

नेपालको आर्थिक स्थिति अति सङ्कटग्रस्त हुन नदिन गर्नुपर्ने अर्को कार्य 'अर्थ व्यवस्था सुधार सम्मेलन' गर्नु हो । सरकारले कुनै पनि किसिमको विलम्ब नगरेर एउटा सर्वपक्षीय अर्थ व्यवस्था सुधार सम्मेलन गरी देशको बिग्रँदो अर्थ व्यवस्थामा कसरी सुधार ल्याउन सकिन्छ त्यसबारे सम्बन्धित पक्षसँग राय लिनुपर्दछ । अर्थविद्, अर्थशास्त्री, व्यापार मामिलाका जानकार एवं व्यापारीहरू सहभागी हुने त्यस किसिमको सम्मेलनमा देशको आर्थिक स्थितिमा सुधार ल्याउनेबारे नयाँ नयाँ सोच आउन सक्छ । आएका निष्कर्षहरूको आधारमा सरकारले तत्काल आर्थिक सुधारका लघुकालीन एवं दीर्घकालीन योजनाहरू तयार पार्नुपर्छ । यस्तो गर्न सकिए देशको आर्थिक स्थिति अति दयनीय हुनबाट जोगाउन सकिन्छ ।

पढेलेखेकाहरू ठूलो सङ्ख्यामा विदेशिएका र देशभित्र छन् भने पाखा लागेका तर अर्कोतिर, अध्ययन र अनुभवको कमी भएका व्यक्तिहरू निर्णय गर्ने स्थान (संसद्) मा पुगेको स्थितिमा राष्ट्रले अर्थ व्यवस्थामा सुधार ल्याउने नयाँनयाँ नीति तथा कार्यक्रमहरू पाउनेमा आशावादी हुने ठाउँ निकै कम छ । त्यसमाथि पनि अनुभव र अध्ययनको कमी भएका नेताहरू जहिले पनि सत्ता र शक्तिका लागि षड्यन्त्रमा व्यस्त रहने हुनाले आर्थिक विकासका विषयहरूले कम महत्त्व पाउने गरेका छन् । तर पनि आशा गरौं, जहिले पनि शक्ति र सत्ताको लागि नित्य जालझेल गर्ने नेताहरूको सोचमा परिवर्तन आउने छ र उनीहरूले देशको बिग्रँदो आर्थिक अवस्थामा सुधार ल्याउनेतर्फ ध्यान दिनेछन् । आशा बलवती राजन शैल्यौ जयती पाण्डवम्... ।

## थरूटहट क्षेत्रमा चैते धान रोप्न शुरू

ओमप्रकाश चौधरी, सेढवा, १७ चैत/

पर्साको ग्रामीण भेगका किसानहरूले चैते धानको रोपाइँ शुरू गरेका छन् । जिल्लाको उत्तरी तथा पश्चिमी क्षेत्र जसलाई थरूहट पनि भनिन्छ यहाँ चैते धानको खेती हुने गरेको छ ।



यस क्षेत्र अन्तर्गत ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवापरसौनी तथा पर्सागढी पर्दछन् र यहाँ बालीपछि चैते धान रोपिन्छ । चैते धानमा हर्दिनाथ जातका बाली लगाउने गरिएको छ ।

पटेर्वासुगौली गाउँपालिका–२ मकवानीटोलका किसान बिगा महरा चमारका अनुसार हालसम्म तीस बिघा जग्गामा चैते धान रोपाइँ सम्पन्न भइसकेको छ । गत वर्षदेखि जमीनमुनिको पानीको सतह बढेको र खोला, पैनीलगायत जलाशयमा पानी वृद्धि भएका कारण रोपाइँमा सहयोग मिलेको चमारले बताए । यो बाली लगाउँदा सोही जमीनबाट दुई बाली धान उत्पादन गर्न सकिने किसान चमार बताउँछन् ।

हर्दिनाथ धान बाली ९० दिन अथवा असारको दोस्रो साता भित्र्याउन सकिने हुनाले यो अवधिमा अगहनी धान रोप्न सकिने किसानहरूले बताए । चैते धानको चामल तथा भात मीठो हुने हुँदा किसानहरू यसको खेती गर्न आकर्षित हुने गरेका छन् ।

ठोरी गाउँपालिका–५ सुवर्णपुरका जया बोन्जनका अनुसार ठोरी गाउँपालिका–५ मा मात्र ३५० देखि ४०० बिघा जमीनमा यो धानको खेती हुने गरेको छ । तर देशका तीनै तहका सरकारले रासायनिक मलको सहज व्यवस्थापन नगरेका कारण कठिनाइ भोग्नुपरेको गुनासो गरे । कृषि सहकारी संस्थाबाट रासायनिक मल नपाउँदा भारतीय बजारबाट २८ सयमा डिएपी र एक हजार रुपियाँमा ४५ केजीको युरिया मलको बोरा ल्याउन पर्ने गरेको बोन्जनले गुनासो गरे । त्यो मल पनि गुणस्तरहीन रहेको किसानहरूको भनाइ छ । त्यस्तै पेट्रोलियम पदार्थको मूल्य वृद्धिका कारण किसानहरू मारमा परेका छन् । टयाक्टरबाट फालीले खेत जोताइको मूल्य ८ सय प्रतिघण्टाको दर वृद्धि भएर १ हजार पुगेको छ । रोटाभेटरले जोताइ गर्दा एक हजार प्रतिघण्टाबाट वृद्धि भएर १ हजार चार सय पुगेको किसानहरूले गुनासो गरेका छन् । कृषिकर्म महँगो र सुविधा नपाउँदा किसानमा निराशा छ ।

## ठोरी नाका खोल्न प्रजिअलाई ज्ञापन

चिरञ्जीवी सापकोटा, ठोरी, १७ चैत /

कोरोना कहरदेखि बन्द रहेको पर्साको ठोरी नाका खुलाउन नेपाली काङ्ग्रेसले पर्साका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ ।



प्रजिअ ढकाललाई ज्ञापन दिंदै ठोरीवासी । तस्वीरः प्रतीक

नेपाली काङ्ग्रेस मधेस प्रदेशका महामन्त्री बृहस्पतिकृष्ण श्रेष्ठले विज्ञप्ति जारी गर्दै ऐतिहासिक ठोरी नाका बन्द भएपछि दुवै देशका नागरिकले सास्ती भोगिरहेको बताए । मधेस प्रदेश सरकारले ठोरीलाई पहिलो पर्यटकीय क्षेत्र घोषणा गरेपनि ठोरी नाका खोल्न सम्बन्धित निकायबाट कुनै पहल नभएको भन्दै सरोकारवालाको ध्यानाकर्षण गराएका छन् ।

विज्ञप्तिमा ७० प्रतिशत पर्यटक र भारतीय नागरिक ठोरीबाट आउने गरेको उल्लेख गर्दै नाका चालू गरी ठोरी भन्सारको स्तरोन्नति गर्न र चारचक्के सवारीसाधन आवागमनको निम्ति भन्सार काट्ने व्यवस्था मिलाउन माग गरेका छन् ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालले ठोरी नाका सञ्चालनको लागि अविलम्ब पहल गर्ने बताए ।

कार्यक्रममा नेकाका महामन्त्री श्रेष्ठ, महाधिवेशन प्रतिनिधि प्रकाश खनाल, क्षेत्रीय सभापति जीवनकृष्ण सापकोटा, नेका ठोरीका सभापति सन्तोष श्रेष्ठ, गणेशबहादुर श्रेष्ठ, कुलबहादुर श्रेष्ठ, सनम श्रेष्ठलगायतको उपस्थिति रहेको ठोरीका सभापति सन्तोष श्रेष्ठले जानकारी दिए ।

## विकास निर्माणमा युवा सहभागिता बढ्दो

–ध्रुवसागर शर्मा

गलेश्वर, १७ चैत/रासस

युवाहरू युग परिवर्तनका मेरुदण्ड हुन् ।

देशको आर्थिक, सामाजिक, राजनीतिक तथा शासकीय पद्धति रूपान्तरण प्रक्रियामा युवाको भूमिकालाई उच्च महत्त्व दिंदै आएको पाइन्छ ।

युगानुकूल भविष्यको परिवर्तनका भरपर्दा आधार नै सक्षम युवा भएकाले जिल्लामा हुने विकास निर्माणका काममा उनीहरूको सहभागिता बढ्दै गएको छ ।

युवाहरूको सहभागिताले विकास निर्माणका योजना पनि समयमैं सम्पन्न हुन थालेका छन् भने समुदायप्रति जवाफदेह हुनुपर्ने भएकोले काममा पनि गुणस्तर देखिन थालेको छ ।

बाहिरका कामदार ल्याएर विकास निर्माणका काम गराउँदा समयमैं योजना सम्पन्न नहुने र बाहिरका कामदार समुदायप्रति जवाफदेह पनि हुनु नपर्ने भएकोले सम्पन्न भएका अधिकांश योजना गुणस्तरहीन हुने गरेको थियो ।

स्थानीय युवाले नै विकास निर्माणका काममा सहभागिता जनाएपछि यस्ता समस्या न्यूनीकरण हुँदै गएका छन् ।

विगत दुई वर्षयता कोरोना भाइरस सङ्क्रमण जोखिमका कारण वैदेशिक रोजगार गुमाएर गाउँ फर्केका युवा अहिले गाउँघरमैं हुने विकास निर्माणका योजनामा धमाधम काम गरिरहेका छन् । स्थानीय तहले पनि विदेशबाट फर्केका स्थानीय युवालाई गाउँमा हुने विकास निर्माणका काममा पहिलो प्राथमिकता दिएपछि उनीहरूलाई सहज भएको हो ।

चालू आर्थिक वर्ष अन्त्य हुने समय तीन महीना बाँकी रहँदा जिल्लाका ग्रामीण भेगमा स्थानीय तहका योजना धमाधम निर्माण भइरहेका छन् । त्यसका साथै सङ्घ र प्रदेशका योजनामा पनि युवाले धमाधम काम गरिरहेका छन् ।

गाउँ फर्केका युवा विकास निर्माणमा जुट्न थालेपछि बाहिरबाट मजदूर ल्याउनुपर्ने बाध्यता पनि हटेको छ । गाउँपालिकाले पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेका कारण वडास्तरमा रोजगार सिर्जना हुन थालेको छ ।

गाउँकै युवा विकास निर्माणमा जुट्दा योजना निर्माण र कार्यान्वयन गर्न सहज भएको रघुगङ्गा गाउँपालिका–४ दग्नामका वडाध्यक्ष रूकबहादुर गर्बुजाले बताए । उनले भने–"आफ्नो गाउँमा निर्माण हुने विकासका योजनामा स्थानीय युवाको नै संलग्नता भयो भने योजना सम्पन्न गर्न, कार्यान्वयन गराउन र जिम्मेवारी दिन

(बाँकी चौथो पातामा)

## ७८ बैंक/उद्योगमा ३५७ गार्ड नियुक्त

प्रस, जीतपुर, १७ चैत/

गरुडा सेक्युरिटीज प्रालि सिमरा, बजनीले पर्सा, बारा, रौतहट, सर्लाही जिल्लास्थित ७८ वटा बैंक/उद्योगमा ३५७ जना सुरक्षागार्ड बहाल गरेको प्रमुख अजयविक्रम शाहले बताएका छन् ।

प्रचलित ऐन, नियम बमोजिम भूतपूर्व प्रहरी, सेनालाई सुरक्षागार्डमा बहाल गरी बैंक, उद्योगलगायत स्थानमा सुरक्षा दिइएको प्रमुख शाहले बताए ।

चार जिल्लाका उद्योग, बैंकको सुरक्षामा कुनै किसिमको सम्झौता नहुने निवर्तमान प्रहरी नायब निरीक्षक शाहले यस दैनिकलाई जानकारी गराएका छन् ।

# सङ्कटोन्मुख अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com

**सन् ९० को दशकको शुरूदेखि नेपालले उदार व्यापार नीति लागू गर्‍यो। यसले गर्दा थरीथरीका विदेशी सामान खुलारूपमा नेपाल आउन थाले र सस्ता एवं गुणस्तरीय सामानमा ठूलो जनसङ्ख्याको पहुँच भयो। तर प्रभावकारी नीतिको अभावले गर्दा आयात मात्र गुणात्मकरूपले बढ्यो, निर्यात बढ्न सकेन।**

उपभोक्ताको क्रयशक्ति घटेका बेला नेपालको व्यापारघाटा पनि बढ्दो छ। आयातभन्दा निर्यात घटेको छैन। रेमिटयान्स, शोधनान्तर र विदेशी मुद्रा सञ्चिति ओरालो लागेको छ। चालू खर्च बढ्दो मात्रामा छ भने चालू आर्थिक वर्षको फागुन मसान्तसम्म समग्रमा पूँजीगत खर्च २५ प्रतिशतभन्दा बढी हुन सकेको छैन। अर्थतन्त्रको स्थायित्व. खासगरी बढ्दो चालू खाता घाटा र घट्दो विनिमय सञ्चितिले बाह्य क्षेत्रमा पार्ने चापप्रति सरकार संवेदनशील हुन जरूरी छ। अहिलेको अवस्था हेर्दा अर्थतन्त्र पहिलेभन्दा निकै अप्ठ्यारोमा जान थालेको देखिन्छ। हाम्रो आर्थिक व्यवस्थापन अत्यन्त कमजोर भएको अवस्था छ। आर्थिक व्यवस्थापकहरूप्रति निजी क्षेत्रले विश्वास गर्न नसक्दा अर्थतन्त्रमा निराशा छाएको छ। उद्यमी, व्यवसायी र लगानीकर्ताको मनोबल गिरेको छ। व्यापार घाटा कहालीलाग्दो किसिमले बढेको छ। यतिखेर समग्र अर्थतन्त्र सङ्कटोन्मुख छ।

**के हो व्यापार घाटा ?**

देशको कुल निर्यातको मूल्यभन्दा आयातको मूल्य धेरै भए व्यापार घाटा हुन्छ। निर्यात र आयातमा मालसामानका साथै सेवाहरू पनि पर्छन्। कुनै देशको मालसामान र सेवा बिक्रीभन्दा खरीद धेरै छ भने व्यापार घाटा हुन्छ। खरीदभन्दा बिक्री धेरै छ भने व्यापार अधिशेष (ट्रेड सरप्लस) हुन्छ। नेपालजस्तो आर्थिक अवस्था कमजोर र भूराजनीतिक हिसाबले पनि राजनीतिक भुमरीमा फस्न सक्ने देशमा व्यापार घाटा क्रमिकरूपले घटाउनु नै उपयुक्त हुन्छ। तर नेपालमा व्यापार घाटा बर्सेनि बढ्दै गएको तथ्याङ्क छ।

चालू आर्थिक वर्षको पहिलो ८ महीनामा मुलुकको व्यापार घाटा ११ खर्ब ६० अर्ब रुपियाँ नाघेको छ। भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार साउनदेखि फागुन मसान्तसम्म कुल १३ खर्ब ८ अर्ब ७३ करोड रुपियाँ बराबर रकम आयातका लागि बाहिरिएको छ। सोही अवधिमा नेपालले कुल एक खर्ब ४७ अर्ब ७४ करोड रुपियाँ बराबरको वस्तु निर्यात गरी आम्दानी गरेको छ। आयात गत वर्षको यसै अवधिको तुलनामा ३८.६४ प्रतिशत बढेको छ भने निर्यात ८२.९० प्रतिशत बढेको तथ्याङ्क छ। पाम र सोयाबिनको कच्चा तेल आयात भई प्रशोधन गरी पुनः निर्यात गर्दा निर्यातको वृद्धिदर उच्च देखिएको हो। निर्यातमा प्रशोधित सोयाबिन तेल र पाम तेल सबैभन्दा अगाडि छ। चालू आवको पहिलो आठ महीनाको अवधिमा ७ खर्ब ९७ अर्ब रुपियाँको वस्तु भारतबाट मात्रै आयात भएको तथ्याङ्क छ। त्यस्तै एक खर्ब १८ अर्ब रूपैयाा बराबर भारतमा मात्र निर्यात भएको अवस्था छ। सो अवधिमा चीनबाट कुल एक खर्ब ८६ अर्ब रुपियाँको वस्तु आयात भएको छ भने ५४ करोड रुपियाँको वस्तु निर्यात भएको छ। यसरी व्यापार घाटाको आयतन जसरी फैलँदै छ, त्यसरी निर्यात गर्न नसकेको मात्र होइन, आफैंले उपभोग गर्ने र मुलुकमा उत्पादनको सम्भावना भएका वस्तु पनि बाहिरबाट किनेर उपभोग गर्न थाल्यौं। वस्तु मात्र होइन, सेवा आयातको रफ्तार पनि त्यसरी नै बढेको छ।

**वैदेशिक व्यापारका चुनौती**

नेपालको वैदेशिक व्यापारमा धेरै समस्या छ। भूपरिवेष्टित हुनु हाम्रो सबैभन्दा ठूलो चुनौती हो। भारतबाट ठूलो मात्रामा तुलनात्मकरूपले सस्तो र नेपालभन्दा गुणस्तरीय सामग्री आउँछ। पूँजी निर्माणमा समस्या यथावत् छ भने सरकारको अदूरदर्शिता अर्को प्रमुख कारण हो। वीरगंजबाट सबैभन्दा नजीकको कोलकाता समुद्री बन्दरगाह ७०४ किमि टाढा छ। चीनसँग सबैभन्दा नजीकको समुद्री बन्दरगाह तिआन्जिन हो, जुन नेपालको सिमानाबाट ३,२७६ किमि टाढा छ र सामान ढुवानीमा २१ दिन लाग्छ। सिगात्से नेपालबाट सबैभन्दा नजीकको सुक्खा बन्दरगाह हो, जुन ७१० किमि टाढा छ। भूपरिवेष्टित र त्यसमाथि भारतसँग अन्तर्राष्ट्रिय व्यापारमा भर पर्नुपर्ने बाध्यताले हाम्रो व्यावसायिक कारोबार र यातायात लागतमा थप भार पर्छ।

सरकारले वैदशिक लगानी आकर्षित गर्ने नीतिनियम परिमार्जन नगरेसम्म बाहिरबाट व्यापक लगानी आउने सम्भावना पनि छैन। विदेशी लगानीले नेपालभित्र पूँजीका साथै विदेशको प्रविधि र सीप पनि ल्याउँछ, जसले गर्दा समग्र अर्थतन्त्रलाई बलियो र चलायमान बनाउन मदत मिल्छ। राजनीतिक नेतृत्वमा देखिएको इच्छाशक्तिको अभावले गर्दा अर्थतन्त्र गतिशील बनाउने धेरै काम हुन सकेको छैन। जस्तो, वैदेशिक लगानी आकर्षित गर्ने र घरेलु उद्योगलाई प्रोत्साहन दिने स्पष्ट नीतिको अभाव छ। अर्थतन्त्रलाई गतिशील बनाउन संरचनात्मक परिवर्तन अपरिहार्य हुन्छ, जसको शुरूआत सबल र सरल नीतिनिर्माणबाट हुन्छ। आधुनिक र समय सान्दर्भिक व्यापार नीति नहुनु ठूलो समस्या हो। सन् ९० को दशकको शुरूदेखि नेपालले उदार व्यापार नीति लागू गर्‍यो। यसले गर्दा थरीथरीका विदेशी सामान खुलारूपमा नेपाल आउन थाले र सस्ता एवं गुणस्तरीय सामानमा ठूलो जनसङ्ख्याको पहुँच भयो। तर प्रभावकारी नीतिको अभावले गर्दा आयात मात्र गुणात्मकरूपले बढ्यो, निर्यात बढ्न सकेन। नेपाल सन् २००४ देखि विश्व व्यापार सङ्गठनको सदस्य छ। तर त्यसबाट पनि पूरा लाभ उठाउन सकेको छैन।

**व्यापार घाटा घटाउने केही उपाय**

आयात प्रतिस्थापन गर्नु नै व्यापार घाटा घटाउने सबैभन्दा महत्त्वपूर्ण उपाय हो। आयात प्रतिस्थापन गर्नु भनेको आयात भइराखेको मालसामानलाई घरेलु उत्पादनले प्रतिस्थापन गर्नु हो। नेपालले निकट भविष्यमैं आयात प्रतिस्थापन गर्न सकिने भनेको पेट्रोल, डिजेल र एलपिजी ग्याँस हो। भारतसँग मात्रै हाम्रो वार्षिक ८.५ खर्ब रुपियाँजति व्यापार घाटा छ। त्यसमध्ये २ खर्बदेखि २.५ खर्ब रुपियाँ पेट्रोल, डिजेल र एलपिजीमा खर्च हुन्छ। नेपालमा आउँदो केही समयमा बिजुलीको खपतभन्दा उत्पादन धेरै हुने अवस्था सृजना हुन लागेको छ। यो मौकाको सदुपयोग गरेर बिजुलीका साधन र बिजुलीले चल्ने उपकरण प्रोत्साहन गर्नुको विकल्प छैन। शहरी इलाका र राजमार्गहरूमा पर्याप्त बिजुली चार्जिङ स्टेशन, बिजुलीले चल्ने साधन तथा उपकरणहरूमा कर छुट दिनुपर्छ। यसलाई पछिल्लो सङ्घीय बजेटले केही हदसम्म सम्बोधन गर्ने प्रयास गरेको छ, तर पर्याप्त छैन। हामीले एकतिहाई पनि पेट्रोल, डिजेल र एलपिजी आयात प्रतिस्थापन गर्न सके वार्षिक ६५ देखि ८५ अर्ब रुपियाँ बाहिर जानबाट रोक्न सक्छौं। यसबाट भारतसँगको व्यापार घाटा त कम हुने नै भयो, खेर जान लागेको बिजुलीको पनि सदुपयोग हुन्छ।

**नीति नियम र सुशासनको खाँचो**

उद्योगीकरणमा सहयोगी निर्यातमुखी उद्योगलाई आयकरमा छुटलगायत प्रोत्साहन दिनुपर्ने अहिलेको आवश्यकता हो। नेपालको व्यापार नीति सबल र समयसापेक्ष नहुनुमा एउटा महत्त्वपूर्ण कारण हो, भ्रष्टाचार। भर्खरै सार्वजनिक भएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा सन्तोष गर्ने ठाउँ कहीं छैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा राजनीतिक भागबन्डाका आधारमा र पार्टीलाई लेभी तिरेको भरमा होइन, निष्ठावान् र निष्पक्ष व्यक्तिहरूको नियुक्तिमा जोड दिनुपर्छ। सुशासनका विषयमा सरकार र नीतिनिर्माताहरू जबसम्म गम्भीर हुँदैनन्, तबसम्म नीतिनियम जति राम्रो बनाए पनि कार्यान्वयनमा समस्या भइरहने छ।

नेपालजस्तो विकासशील देशमा चालू खर्च ९ खर्ब र पूँजीगत खर्च ३ खर्ब हुनु दुःखद र लज्जास्पद हो। आगामी बजेटबाट यसमा विशेष ध्यान दिनुपर्छ। पूँजीगत खर्चमा वृद्धि र पूर्णरूपले खर्च गर्ने तथा भौतिक संरचनामा व्यापक लगानी गर्नुको विकल्प छैन। हाम्रो धेरैजसो आयात उपभोगमुखी छ। उत्पादन गरेर विदेश निर्यात गर्नेभन्दा पनि रेमिट्यान्समा रमाउने हुँदा अर्थतन्त्र मजबूत बनाउन सकिएको छैन। जलविद्युत्को अथाह सम्भावना भएर पनि हामीले समयमा विद्युत् उत्पादनमा ध्यान नदिंदा पेट्रोलियमको खपत बढेको छ। चामल र अन्य कृषि वस्तुको आयात पनि अत्यधिक बढ्दो छ। यो व्यापार घाटा एक दुई वर्षमा बढेको होइन। विगतदेखि नै सरकारको नीति ठीक नभएर क्रमशः बढ्दै गएको हो।

कृषिप्रधान मुलुकमा कृषि उत्पादनका लागि आवश्यक वित्तीय पहुँच व्यवस्थापन गर्नु अहिलेको प्रथम आवश्यकता हो। कृषि उत्पादनका लागि वित्तीय पहुँचको व्यवस्थापन गर्न सकेको भए निर्यात बढाउन नसके पनि अर्थतन्त्रलाई धेरै हदसम्म आत्मनिर्भर बनाउन सकिन्थ्यो। सरकारले गर्ने खर्च पनि अर्थतन्त्रमा उत्पादन बढाउने र रोजगार सिर्जना गर्नेभन्दा उपभोग बढाउने चालू खर्चमैं लक्षित छ। सरकारले आफैंले तयार पारेको व्यापार घाटा न्यूनीकरण रणनीति कार्यान्वयन गर्ने तत्परता देखाएको छैन। निर्यात बढाउन पनि नसक्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने बाटोमा अघि नबढ्ने हो भने तीव्र गतिमा बढ्दो व्यापार घाटाले अर्थतन्त्रमा जोखिम सिर्जना गर्नेछ। लगानीयोग्य रकमको अभाव हुँदा बैंकहरू सापटी लिएर चल्न थालेका छन्। राष्ट्र बैंकबाट सापटी लिने बैंकको सूची बढ्दो छ। तरलताको अभाव कायमै छ। अर्थतन्त्रमा देखिएका यस्ता चुनौती समाधान गर्न सके नेपालमा आर्थिक समृद्धिको नयाँ युग शुरू हुनेछ। यसतर्फ सरकार र राजनीतिक नेतृत्व संवेदनशील भएर लाग्नुपर्ने आजको आवश्यकता हो।

# आगलागीमा ७ लाखको क्षति

प्रस, सिम्रौनगढ, १७ चैत/



बाराको सिम्रौनगढ-१ टोल ननसगरा ढाठमा गए राति दुईवटा घरमा आगो लाग्दा सात लाख बराबरको क्षति भएको छ।

स्थानीय रन्जित मुखिया र भोला मुखियाको फुसको घरमा आगो लाग्दा घरमा रहेका सातवटा बख्रा मरेका छन्। साथै घरमा रहेको लत्ता-कपडा र चामल, धान, गहुँलगायत अन्य खाद्यान्न जलेर नष्ट भएको पीडितहरूले बताएका छन्।

घरमा जडान भएको विद्युत् लाइन सर्ट भएर आगो लागेको जनाइएको छ।

बेलुकी ९:३० बजे लागेको आगो सिम्रौनगढ नगरपालिकाबाट गएको वारुण यन्त्र, प्रहरी र स्थानीय बासिन्दाले नियन्त्रणमा लिएका थिए।

**विकास निर्माणमा.....**

धेरै सजिलो हुँदोरहेछ।"

स्थानीय युवाको संलग्नतामा दग्नाममका ९ वटा योजना निर्धारित समयभन्दा पहिले नै सम्पन्न भएको बताइएको छ। वडामा भित्रिएका विकास योजनाले गाउँमा रोजगार सिर्जना भएको र युवा दैनिक काम गर्न थालेको उनले बताए। "कतारबाट फर्केको दुई वर्ष भयो, कोरोना भाइरस सङ्क्रमणका कारण फर्केर कतार जान नसकेपछि गाउँमैं काम गर्न थालें, अहिले यही बसेर गरेको कामबाट सन्तुष्ट छु।" रघुगङ्गा गाउँपालिका-१ का सोनाम विकले भने-"गाउँमा हुने विकास निर्माणका योजनाले गाउँको विकास पनि भएको छ र हामीजस्ता युवाले रोजगार पनि पाएका छौं।"

पालिकाबाट विनियोजन हुने बजेटका योजनामा मात्रै होइन, जलविद्युत् र सडकलगायत ठूला विकास निर्माणका योजनामा पनि विदेशबाट फर्केर आएका युवाको संलग्नता बढेको छ। एकातिर युवाहरूले रोजगार पाएका छन् भने अर्कातिर गाउँमा आएको पैसा बाहिरिने दरमा पनि कमी आएको छ। विकास निर्माणका योजनामा स्थानीय युवाको सहभागिता बढेपछि जनप्रतिनिधिलाई पनि निकै सजिलो भएको रघुगङ्गा गाउँपालिका-१ का वडाध्यक्ष बिलबहादुर फगामीले बताए। युवाले काम गर्न थालेपछि योजना कार्यान्वयनमा सहजता भएको उनको भनाइ छ।

विकास योजनाका कारण गाउँमा बेरोजगारी समस्यामा समेत कमी आएको स्थानीयवासी बताउँछन्। पहिलेपहिले काम खोज्न शहरबजारतिर धाउनुपर्ने बाध्यता रहेकोमा आजभोलि गाउँमैं सञ्चालन भएका विकास आयोजनामा काम गर्न भ्याइनभ्याइ भएको बेनी नगरपालिका-२ बगरफाँटका विदुर किसानले बताए।

कोरोना महामारीका कारण रोजगार गुमाएर गाउँ फर्केका युवाले योजनाको जिम्मा लिएर काम गर्न थालेपछि कामको गुणस्तरसमेत राम्रो भएको र समयमा नै योजना सम्पन्न भएको बेनी नगरपालिका-२ का वडा अध्यक्ष हीराबहादुर थापाले बताए।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२


माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।

सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०


# तीन दिन मौसम बदली रहने

काठमाडौं, १७ चैत/रासस

अझै तीन दिन देशको अधिकांश भागमा आंशिकदेखि सामान्य बदली हुने भएको छ। जल तथा मौसम विज्ञान



विभागका अनुसार भारतको बिहार आसपासमा रहेको न्यून चापीय प्रणाली र स्थानीय वायुको सामान्य प्रभावले तीन दिनसम्म देशको अधिकांश भागमा आंशिकदेखि सामान्य बदली रही पहाडी भागमा मेघ गर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ।

राति प्रदेश नं १ लगायत बागमती र गण्डकी प्रदेशका पहाडी भागमा आंशिकदेखि सामान्य बदली रही अन्य भागमा मौसम सफा रहने अनुमान छ। प्रदेश-१ का पहाडी भागका थोरै स्थान र गण्डकी प्रदेशका पहाडी भागका एक वा दुई स्थानमा मेघगर्जनसहित चट्याङ र हल्का वर्षाको सम्भावना रहेको छ।

हाल देशको पहाडी भागमा सामान्य बदली रही अन्य भागमा मौसम सामान्यतया सफा रहेको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १७ दशमलव पाँच डिग्री र अधिकतम तापक्रम २५ दशमलव आठ डिग्री सेल्सियस रहेको छ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम पाँच दशमलव शून्य डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम ३५ दशमलव एक डिग्री सेल्सियस रहेको छ।

# मोटरसाइकल चोरी गर्ने तीनजना पक्राउ

प्रस, वीरगंज, १७ चैत/




मोटरसाइकल चोरी गर्ने गिरोहका तीनजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ। वीरगंज महानगरपालिका-२७ बस्ने वर्ष २४ को मुन्ना अन्सारीको प्रदेश २-०३-००२ प ५९३७ नम्बरको मोटरसाइकल चोरी गरेको आरोपमा प्रहरीले काठमाडौं महानगरपालिका-१८ निवासी ३४ वर्षीय कमल गिरी, चितवन भरतपुर नपा-१५ का १९ वर्षीय निशान थापा र वीरगंज महानगरपालिका-१५ निवासी १८ वर्षीय सन्दीप घिमिरेलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

वीरगंज महानगरपालिका-१६ बसपार्कस्थित ग्यारेजको ताल्चा फुटाई लक तोडी मोटरसाइकल चोरी गरी भाग्ने क्रममा प्रहरीले तीनजनालाई पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ।

उनीहरूको साथबाट मोटरसाइकल चोरी गर्न प्रयोग हुने रिन्ज, साँचो बरामद भएको प्रहरीले जनाएको छ।

# अन्तर्राष्ट्रिय समाचार

## उच्चस्तरीय वार्तामा मस्कोलाई 'एक्लो' पार्ने कदमबारे छलफल



जर्मनीका यहूदी–विरोधीवादका कमिश्नर फेलिक्स क्लेन युक्रेनी यहूदी महिलाहरूका साथ सञ्चारकर्मीहरुलजाई सम्बोधन गर्दै। फोटो : एएफपी

वाशिंगटन, १७ चैत/एएनआई/स्पुतनिक

रूस विषयक पहिलो उच्चस्तरीय वार्तामा अमेरिका र युरोपेली सङ्घका प्रतिनिधिहरूले मस्कोलाई थप एक्लो पार्न सक्ने कदमबारे छलफल गरेका छन्। अमेरिकी विदेश मन्त्रालय र युरोपेली बाह्य कार्य सेवाले संयुक्तरूपमा जनाए अनुसार युरोपियन युनियन र संयुक्त राज्य अमेरिका आज वाशिंगटन डीसीमा आयोजित पहिलो अमेरिका–इयु उच्च स्तरीय वार्तामा अर्थतन्त्र र अन्तर्राष्ट्रिय वित्तीय प्रणालीबाट रूसलाई अलग गर्न थप कदमबारे पनि छलफल गरेका छन्।

अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व राजनीतिक मामिलाका उपसचिव भिक्टोरिया नुल्यान्ड र इयुको नेतृत्व राजनीतिक मामिलाका लागि युरोपेली बाह्य कार्य सेवाका उपमहासचिव एनरिक मोराले गरेको विज्ञप्तिमा उल्लेख छ।

दुवै पक्ष सन् २०२२ को अन्त्यतिर रूसबारे अर्को उच्चस्तरीय वार्ता गर्न सहमत भएका छन्।

**द्वन्द्वले रूस र युक्रेनको अर्थतन्त्र प्रभावित हुने**

लन्डन/एएफपी

रूसको अर्थतन्त्र यस वर्ष १० प्रतिशत र युक्रेनको कुल गार्हस्थ्य उत्पादन २० प्रतिशतले सङ्कुचित हुने प्रक्षेपण गरिएको छ। पुनर्निर्माण र विकासका लागि युरोपेली बैंकका अनुसार दुई देशबीचको युद्धले ५० वर्षको लागि 'सबैभन्दा ठूलो आपूर्ति झटका' निम्त्याउने छ।

फेब्रुअरी २४ मा रूसले आफ्नो पश्चिमा समर्थक छिमेकीमाथि आक्रमण गर्नु अघि लन्डनस्थित युरोपेली बैंक फर रिकन्स्ट्रक्शन एन्ड डेभलपमेन्टले यो वर्ष युक्रेनी जिडिपी ३.५ प्रतिशतले वृद्धि हुने र रूसी अर्थतन्त्र तीन प्रतिशतले विस्तार हुने भविष्यवाणी गरेको थियो।

**अमेरिकी र युक्रेनी राष्ट्रपतिबीच फोन वार्ता**

किभ/सिन्हवा

अमेरिकाका राष्ट्रपति जो बाइडेन र युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीबीच फोन वार्ता भएको छ।

रूसको आक्रमणमा परेको युक्रेनले रूससँग लड्नका लागि सहयोग आवश्यक परिरहेकोले सहयोग गर्न सबैलाई आह्वान गर्दै आएको छ।

बाइडेन र जेलेन्स्कीबीच पनि युक्रेनलाई आवश्यक सहयोग र अमेरिकाले गर्न सक्ने सहयोगबारे कुराकानी भएको छ।

"हामीले प्रतिरक्षाका लागि आवश्यक पर्ने सहयोगबारे कुराकानी गरेका छौं, चाँडै नै नयाँ प्याकेज लागू हुने विश्वास लिएका छौं, त्यस्तो प्याकेज आर्थिक तथा मानवीय सहायतासम्बन्धी हुनेछ"– जेलेन्स्कीले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन्।

राष्ट्रपति बाइडेनसँग भएको कुराकानीपछि उनले सन्तोष व्यक्त गर्दै युक्रेनलाई कूटनीतिक, आर्थिक र भौतिक सहयोग बढ्ने आशा लागेको जानकारी दिए।

अमेरिकी राष्ट्रपति बाइडेन र युक्रेनी राष्ट्रपति जेलेन्स्कीबीच झन्डै एक घण्टा कुराकानी भएको अधिकारीहरूले जनाएका छन्।

अमेरिकी राष्ट्रपतिको कार्यालयले पनि युक्रेनी राष्ट्रपतिसँग फोन वार्ता भएको पुष्टि गर्दै सैन्य, आर्थिक र मानवीय सहयोग प्रदान गर्नेबारे कुराकानी भएको जनाएको छ।

अमेरिकाले युक्रेनमाथि आक्रमण गरेर रूसले गल्ती गरेकोले तत्काल आक्रमण रोक्न माग गर्दै आएको छ।

**रूस र युक्रेनका विदेशमन्त्रीहरू दुई साताभित्र भेट्न सक्ने : टर्की**

इस्तानबुल/एएफपी

रूसी विदेशमन्त्री सर्गेई लाभरोभ र उनका युक्रेनी समकक्षी दिमित्रो कुलेबा दुई हप्ताभित्र वार्ताका लागि भेट्न सक्ने टर्कीले बिहीवार बताएको छ।

टर्कीका विदेशमन्त्री मेभलुत काभुसोग्लुले एक टेलिभिजन अन्तर्वार्तामा भने–"कम्तिमा एक वा दुई हप्ताभित्र विदेशमन्त्रीहरूको स्तरमा उच्चस्तरीय बैठक हुन सक्छ।" रासस

## आकस्मिक अवतरणपछि २१ हजार यात्री प्रभावित, १३६ उडान रद्द

बोगोटा, १७ चैत/एएनआई/सिन्हवा

कोलम्बियामा मेडेलिन शहर नजीकैको प्रमुख विमानस्थलमा व्यावसायिक विमानको आपत्कालीन अवतरणपछि २१,००० भन्दा बढी यात्री प्रभावित भएका र १३६ उडान रद्द गरिएको नागरिक उड्डयन निर्देशक जायर ओर्लान्डोले बताएका छन्।

लाटम एयरलाइन्स एयरबस ए ३२०–२०० को अगाडिको ल्यान्डिङ गियर मङ्गलवार दिउँसो टेकअफको केही समयपछि खस्दा विमानलाई रियोनेग्रो शहरको जोसे मारिया कोर्डोभा अन्तर्राष्ट्रिय विमानस्थलमा आपत्कालीन अवतरणको लागि फिर्ता गर्न बाध्य पारेको थियो। आकस्मिक अवतरणका क्रममा कुनै पनि चोटपटक र क्षति भने नभएको बताइएको छ।

फाजार्डोले जनाए अनुसार रियोनेग्रो जाने उडानहरू १२ घण्टाभन्दा बढी समयका लागि रद्द गरिएको थियो जसले गर्दा अन्य एयरपोर्टहरूमा, विशेषगरी बोगोटाको एल डोराडो अन्तर्राष्ट्रिय विमानस्थलमा ढिलाइ र रद्द गरिएको थियो।

"अहिले विमानस्थल सामान्य अवस्थामा सञ्चालित भइरहेको छ भने 'रद्द भएका १३६ उडान र यसबाट प्रभावित २१ हजार २ सय ४५ यात्रीको यात्रा सञ्चालन गर्ने क्रम जारी छ। फजार्दोका अनुसार आपत्कालीन कारणहरू पत्ता लगाउन अनुसन्धान भइरहेको छ। रासस

## दुर्घटनाग्रस्त चिनियाँ विमानका ४०,००० भन्दा बढी टुक्रा फेला परे

नानिङ, १७ चैत/सिन्हवा

दक्षिण चीनको गुआङ्सी जुआङ स्वायत्त क्षेत्रमा दुर्घटनाग्रस्त भएको चाइना इस्टर्न एयरलाइन्सको विमानको ४०,००० भन्दा बढी टुक्रा बुधवारसम्म फेला परेको एकजना अधिकारीले बिहीवार पत्रकार सम्मेलनमा जानकारी दिएका छन्। चीनको नागरिक उड्डयन प्रशासनको उड्डयन सुरक्षा कार्यालयका प्रमुख झु ताओले भग्नावशेषका अधिकांश टुक्राहरू क्रमबद्ध र थप परीक्षणका लागि भण्डारण स्थलमा सारिएको जानकारी दिए।

करीब एक करोड वर्गमिटर वरिपरि खोजी कार्य जारी राखिएको थियो।

खोज तथा उद्धार कार्यमा २१६ दमकल र १६ वटा ड्रोनलगायत उपकरण प्रयोग गरिएका थिए। कुनमिङबाट ग्वाङ्झाउका लागि उडेको बोइङ ७३७ विमान दिउँसो २:३८ बजे गुआङ्सीको टेङ्सिआन काउन्टीको पहाडी क्षेत्रमा दुर्घटनाग्रस्त भएको थियो। मार्च २१ मा १२३ यात्री र नौ चालक दलका सदस्यसहित जहाजमा रहेका सबै १३२ जनाको मृत्यु भएको थियो। रासस


### वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ।

वीरगंज महानगरपालिका कार्यालय



### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


# सवारीसाधनमा भाडादर समायोजनको निर्णय

## ११ देखि १४ प्रतिशतसम्म बढ्ने भयो सवारीसाधनको भाडादर

काठमाडौं, १७ चैत/रासस

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले राष्ट्रिय लामो दूरीका सवारीसाधनमा भाडा समायोजन गर्न स्वीकृति दिएको छ।

मन्त्रालयले बिहीवार यातायात व्यवस्था विभागलाई वैज्ञानिक भाडादरका आधारमा नयाँ भाडादर कायमका लागि सैद्धान्तिक सहमति दिएको हो। हाल कायम रहेको भाडादरमा ११ देखि १४ प्रतिशतसम्म भाडादर वृद्धि हुनसक्ने विभागका महानिर्देशक नमराज घिमिरेले बताए। राष्ट्रिय लामा दूरीका सवारीसाधनमा भाडादर समायोजन गर्न लागिएको र त्यसमा बस, ट्रक पहाड र ट्रक तराई गरी तीन प्रकारका सवारीसाधन रहेको विभागले जनाएको छ।

यसअघि भाडा समायोजन गर्न विभागले सैद्धान्तिक सहमतिका लागि मन्त्रालय फाइल पठाएको थियो। आज भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले निर्णय गरेपछि पुनःफाइल विभाग पुगेको छ। आइतवार प्राविधिकले सूत्रका आधारमा कुन रूटमा कति भाडा कायम गर्ने भनी निर्णय गर्ने महानिर्देशक घिमिरेले बताए। उनले भने, 'प्राविधिकले आवश्यक काम गरेर आइतवार सूचना निस्कन सक्छ।'




मन्त्रालयबाट पेट्रोलियम पदार्थको भाडा पाँच प्रतिशत घटबढ हुँदा समायोजन स्वतः हुने र कसैले माग गर्न नपर्ने व्यवस्था गर्न लागेको विभागले जनाएको छ। विगतमा पनि स्वचालित भाडादर लागू गर्ने भनिए पनि लागू भएको थिएन।

सरकारले पछिल्लो पटक गत असार २८ गते सवारीसाधनको भाडादर समायोजन गरेको थियो। त्यसयता डिजेलको मूल्य ३४ प्रतिशत बढेको विभागले जनाएको छ। वैज्ञानिक भाडा निर्धारणका १३ सूचक छन् जसमध्ये पेट्रोलियम पदार्थले ३५ प्रतिशत ओगट्छ।

अहिले विभागले अन्तर प्रदेश चल्ने सवारीसाधनको भाडादर समायोजन गर्न लागेको हो। संविधानअनुसार दुई वा त्योभन्दा बढी प्रदेशमा चल्ने राष्ट्रिय लामो दूरीको सवारीसाधनको भाडादर सरकारले निर्धारण गर्छ। प्रदेशभित्र चल्ने सवारीसाधनको प्रदेश सरकार र स्थानीय तहभित्र चल्ने सवारीसाधनको भाडादर सम्बन्धित सरकारले निर्धारण गर्ने व्यवस्था छ। लामो रूटमा भाडादर बढेपछि स्वतः मध्यम र स्थानीय रूटमा चल्ने सवारीसाधनमा भाडादर बढ्ने गर्छ।

## खेत जोत्ने क्रममा रोटाभेटरमा परेर बालकको मृत्यु

जलेश्वर, १७ चैत/रासस

महोत्तरीको सोनमा गाउँपालिका–८ शिवनगरमा खेत जोत्ने क्रममा ट्याक्टरको रोटाभेटरमा परेर एकजना बालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा स्थानीय कलाम हुसैनका पाँच वर्षीय छोरा अकसर अली रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताए।

ट्याक्टर चालक स्थानीय महेश महराका छोरा २५ वर्षीय रामबाबुले बुधवार साँझ गाउँकै मुस्तकिम अन्सारीको खेतमा अनटेस्ट ट्याक्टरमा रोटाभेटर लगाई बालक अकसरलाई पनि आफूसँगै बसाएर खेत जोत्दै गर्दा अचानक तल झर्दा रोटाभेटरमा परेर उनको घटना स्थलमैं मृत्यु भएको प्रहरी नायब उपरीक्षक विष्टले बताए।

घटनालगत्तै ट्याक्टर चालक महेश फरार भएका छन् भने प्रहरीले उनको खोजतलास व्यापकरूपमा गरिरहेको छ। यता बालक अकसरको शव परीक्षणका लागि गए राति जिल्ला अस्पताल जलेश्वर पठाइएको प्रहरीले जनाएको छ।

**स्रोत नखुलेको आठ लाखसहित युवक पक्राउ**

स्रोत नखुलेको करीब रु आठ लाखसहित भारतबाट नेपाल प्रवेश गरेका एक युवकलाई गए राति प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा महोत्तरीको औरही नगरपालिका–५ बस्ने २० वर्षीय वीरेन्द्रकुमार दास रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताए। भारत बिहारको कन्हमा शहरबाट कपडामा बेरेर कम्मरमा बाँधी साइकल चढेर सम्सी गाउँपालिका–६ स्थित प्रहरीचौकी नजीक आउँदै गरेका दासको हाउभाउमा शङ्का लागी जाँच गर्दा उनको साथबाट प्रहरीले स्रोत नखुलेको रु सात लाख ९१ हजार बरामद गरेको प्रहरीले जनाएको छ।

दासको साथबाट प्रहरीले नेपाली रु एक हजारका नोट ५८५ थान र रु ५०० का ४९२ थान गरी उक्त रकम बरामद गरेको हो।

**पोखरिया नगरपालिका.....**

सन्देशकुमार यादव रहेकोमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले छिपहरमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियारलाई एक साताअघि पोखरियामा सरुवा गरेको हो। तर रौनियारविरोधीहरुले कार्यालयमा तालाबन्दी गरेका छन् र पोखरिया नपाको काम कारबाई अहिले प्रभावित भएको छ।

**स्थानीय चुनाव........**

चर्चा नभएको र गठबन्धनबाट टुङ्गो लगाउने विषयमा विचार विमर्श भइरहेको बताएका छन्।

महानगर प्रमुखमा जनता समाजवादी पार्टीबाट राजेशमान सिंहको नाम अहिले चर्चामा छ। उनी चैत २८ गतेसम्म तत्कालीन लोसपा परित्याग गरी एमालेमा प्रवेश गरेका थिए। उनीपछि सरावगी एमालेमा प्रवेश गरेपछि सिंह जसपामा प्रवेश गरेका हुन् र उनलाई नगरप्रमुखको उम्मेदवार बनाउने जसपाले घोषणा गरिसकेको छ। गत स्थानीय चुनावमा सिंहले १२ हजार १६५ मत ल्याएका थिए।

जसपाबाट गत स्थानीय निर्वाचनमा उपप्रमुखमा पराजित पिङ्की यादव नै लड्ने पक्कापक्की भएको छ। यादवले गत स्थानीय चुनावमा १८ हजार ५३० मत ल्याएकी थिइन्। उनलाई उपप्रमुख शान्ति कार्कीले १९ हजार ६०७ मत ल्याएर पराजित गरेकी थिइन्।

यसैगरी, लोसपाबाट पुरुषोत्तमलाल झाको नाम चर्चामा छ भने यो पार्टीबाट उपप्रमुखमा रम्भादेवी मिश्र दाबेदार छिन्, उनले गत स्थानीय चुनावमा १० हजार ६६३ मत ल्याएकी थिइन्।

नेकपा माओवादीबाट गत स्थानीय निर्वाचनमा नगरप्रमुखमा उम्मेदवार रहवर अन्सारी नै चुनाव लड्ने भएका छन्। उनले गत स्थानीय चुनावमा ८ हजार ३०५ मत पाएका थिए। माओवादीबाट उपप्रमुखको टुङ्गो लागेको छैन। गत चुनावमा माओवादीबाट दुर्गा क्षत्री उपप्रमुखमा लडेकी थिइन्। उनले ५ हजार २८ मत पाएकी थिइन्। नेकपा माओवादी केन्द्रका पर्सा इन्चार्ज विजय महतोले उपप्रमुखको टुङ्गो नलागेको बताए। उनले गठबन्धन हुने सम्भावना बढी हुने भएकोले उपप्रमुखको टुङ्गो नलागेको बताए।

गत स्थानीय चुनावमा नेपाल लोकतान्त्रिक फोरमबाट चुनाव लडेका विमल श्रीवास्तवको यसपटक नगरप्रमुखमा दाबेदारी छैन। उनी सङ्घीय संसद्मा निर्वाचित छन्। महानगरमा गत स्थानीय चुनावमा १ लाख ८ हजार ५०१ मतदाता थिए। यसपटकको गणनामा यो सङ्ख्यामा वृद्धि भएको छ।

## काङ्ग्रेसमा आकाङ्क्षी बढे

नेपाली काङ्ग्रेस पार्टी पर्साबाट वीरगंज महानगरको नगरप्रमुखमा नाम पनि चर्चामा ल्याइएको छ। यसैगरी, श्याम पोखरेल, लक्ष्मीनाथ



श्याम पोखरेल लक्ष्मीनाथ नेपाल नरेन्द्र साह



प्रकाश उपाध्याय विजय सर्राफ महम्मद सहाबुद्दीन किरण सरकार

दाबेदारहरू बढी देखिएका छन्। नगरप्रमुखमा गत स्थानीय चुनाव लडेका अजय द्विवेदीले पार्टीको निर्णय अनुरूप जाने बताए। उनले आफू पार्टीको सिपाही भएको र पार्टीले गर्ने निर्णय स्वीकार्य हुने बताए। उनले चुनावको आकाङ्क्षी भए–नभएबारे स्पष्ट पारेनन्। उनले गत चुनावमा १७ हजार १९७ मत प्राप्त गरेका थिए।

नेकाबाटै राजेन्द्रबहादुर अमात्यको नेपाल, प्रकाश उपाध्याय, महम्मद सहाबुद्दीन, विजय सर्राफ, नरेन्द्र साहलगायतको नाम पनि चर्चामा छ।

उपप्रमुखमा गत स्थानीय निर्वाचनमा विजयी शान्ति कार्कीको दाबेदारी यथावत् छ। उनी १९ हजार ६०७ मत ल्याएर विजयी भएकी थिइन्। उपप्रमुखमैं नेकाबाट भवानी घिमिरे, किरण सरकारको नाम पनि चर्चामा छ।

# दुर्घटनामा दुईजनाको मृत्यु, तीनजना घाइते

प्रस, वीरगंज, १७ चैत/

पोखरिया नगरपालिकाको नहरबाटो बिहीवार बिहान दुईवटा मोटरसाइकल एकआपसमा ठोकिंदा दुईजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा धोबिनी गाउँपालिका-३ गुलरिया निवासी २५ वर्षीय ललनराउत कुर्मी र सखुवापरसौनी गापा एकडरवा निवासी २६ वर्षीय हसिन्दर सहनी रहेको इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक दीपक थापाले जानकारी दिए ।

दुर्घटनामा तीनजना घाइते भएका छन् । घाइतेमध्ये रञ्जीत राउतको अवस्था गम्भीर रहेको थप उपचारको लागि वीरगंज बाहिर लगिएको प्रहरीले जनाएको छ। अन्य घाइते रोजद्दीन मियाँ र सुकेन राउतको नारायणी अस्पतालमा उपचार भइरहेको छ ।


तस्वीरः प्रतीक

ना. ३ प १०३६ र प्रदेश २-०३-००४ प ७४७६ नं.को मोटरसाइकल तीव्र गतिमा भएको कारण ठोकिएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

# ज्यान मुद्दामा फरार पटेल पक्राउ

प्रस, वीरगंज, १७ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले कर्तव्य ज्यान मुद्दामा फरार एकजनालाई पक्राउ गरेको छ ।

वीरगंज महानगरपालिका-२१ पटेलनगर बस्ने वर्ष ४० का रवीन्द्र पटेललाई बिहीवार पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

फूलचन्दसाह कानूको हत्या गरेको अभियोगमा कर्तव्य ज्यान मुद्दामा पर्सा जिल्ला अदालतले २०७१-०३-१७ गते १९ वर्ष ११ महीना २२ दिन कैद तोकेपछि पटेल फरार भएका थिए ।

पटेललाई चैत १७ गते वीरगंज महानगरपालिका-१४ गण्डकबाट पक्राउ गरी पर्सा जिल्ला अदालत बुझाइएको जिप्रका, पर्साले जनाएको छ।


रवीन्द्र पटेल । तस्वीर सौजन्यः जिप्रका, पर्सा

प्रहरीका अनुसार २०६४ साल भदौ ९ गते पर्साको महुवन-३ बस्ने वर्ष ४५ का फूलचन्दसाह कानूलाई महुवन-८ मा पटेलले गोली प्रहार गरी हत्या गरेका थिए। यसैगरी २०६५-०६-०३ गते जिल्ला प्रशासन कार्यालय, पर्सामा कार्यरत मोहन मैनालीलाई उनैले गोली हानी हत्या गरेको प्रहरीको दाबी छ ।

त्यसैगरी २०६६-०२-१३ गते प्रोबायोटेक प्रालिमा कार्यरत प्रशासकीय अधिकृत सोचनप्रसाद यादवमाथि बम प्रहारको घटनामा पटेलको संलग्नता रहेको प्रहरीको दाबी छ ।


**झाडापखाला तथा बान्ताबाट बच्न,**

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिँगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं, झिँगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# हार्डवेयर र कपडा लोड ट्रक नियन्त्रण

वीरगंज, १७ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छली नेपाल भित्र्याएको हार्डवेयर तथा कपडा लोड ट्रक नियन्त्रणमा लिएको छ । प्रज्ञापनपत्रविना हार्डवेयर तथा कपडाहरू लोड गरी काठमाडौंतर्फ लाँदै गरेको सूचनाको आधारमा प्रहरीले चैत १६ गते घण्टाघरबाट ना.६ ख ६०३ नम्बरको मालवाहक ट्रक नियन्त्रणमा लिएको छ।



ट्रकसहित सामान राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाएको जिप्रका, पर्साले जनाएको छ ।


Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo
Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


**हार्दिक श्रद्धाञ्जलि**


स्व. सुदामादेवी सोनी

जन्मः
२००८/०२/२५

स्वर्गारोहणः
२०७८/१२/१५

पर्सा जिल्ला पकाहामैनपुर गापा-१ धोरे निवासी नेपाली काङ्ग्रेस पकाहामैनपुर गापा उपसभापति श्री रामबहादुर साह सोनारकी धर्मपत्नी एवं पटेर्वासुगौली गापा कार्यालयका लेखा प्रमुख सोनुकुमार सोनीकी हजुरआमा **सुदामादेवी सोनी** को ७० वर्षको उमेरमा स्वर्गारोहण भएकोमा समस्त सोनी परिवार स्तब्ध छौं । यस दुःखद घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । शोकको यस घडीमा हामीमाथि सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण नाता, कुटुम्ब, इष्टमित्रप्रति कृतज्ञता व्यक्त गर्दछौं ।

**रामबहादुर साह सोनार**

**सुरेन्द्रप्रसाद सोनार** **प्रेमकुमार सोनी (असई)**
**सुधीरकुमार सोनी** **सन्तोष सर्राफ**
**एवं समस्त सोनी परिवार**

# खेलकूदको संसार

## जगदम्बा जीतपुरसिमरा गोल्डकप : एपीएफ फाईनलमा

प्रस, वीरगंज, १७ चैत/

विभागिय टिम नेपाल एपीएफ क्लब जगदम्बा १२औं जीतपुरसिमरा गोल्डकपको फाईनलमा प्रवेश गरेको छ ।

सिमरा रङ्गशालामा बिहीवार सम्पन्न दोस्रो सेमिफाईनल खेलमा सर्लाहीको बाग्मती युवा क्लबाई ४-१ ले पराजित गर्दै एपीएफ फाईनलमा प्रवेश गरेको छ ।



एपीएफले अब उपाधीका लागि न्युरोड टिम (एनआरटी) क्लबसँग शनिवार खेल्नेछ । आयोजकलाई ३-२ ले पराजित गर्दै एनआरटी यसअघिनै प्रतियोगिताको फाईनलमा प्रवेश गरिसकेको छ ।

आज सम्पन्न खेलमा एपीएफका प्रदीप लामा म्यान अफ दि म्याच घोषित भए । उनले पाँच हजार नगद प्राप्त गरे ।

## बारामा कराँते खेलाडीको सम्मान

प्रस, वीरगंज १७ चैत/

बारा, फेटा गाउँपालिका-१ निवासी जुगीली दासले भारतको कोलकातामा भएको कराँते खेलमा तेस्रो स्थान हासिल गरेपछि आज स्थानीयहरूले उनको भव्य स्वागत गरेका छन् ।


तस्वीरः प्रतीक

नेशनल ओपेन क्योकुसिन कराँते च्याम्पियनसीप २०२२ प्रतियोगितामा दासले तेस्रो स्थान प्राप्त गरेपछि गाउँलेहरूले खुशीयाली मनाएका हुन् ।

कोलकाताको खडगपुरमा भएको तीन दिने प्रतियोगितामा भारत, नेपाल, पाकिस्तान तथा बङ्गलादेशबाट खेलाडीहरू सहभागी भएको प्रशिक्षक राजकुमार महतोले जानकारी दिएका छन् ।

## शहीद स्मारक बी डिभिजन लिग : खुमलटारको जित

काठमाडौं, १७ चैत/रासस

शहीद स्मारक बी डिभिजन लिग फूटबल प्रतियोगितामा खुमलटार युथ क्लब विजयी भएको छ ।


तस्वीर सौजन्यः एन्फा

सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फूटबल सङ्घ) कम्प्लेक्समा आज भएको खेलमा खुमलटारले श्री भगवती यथ क्लबलाई ४-२ गोल अन्तरले पराजित गर्दै विजयी भएको हो ।

खेलको २१औं मिनेटमा दिवस छन्त्यालले गोल गर्दै खुमलटारलाई पहिलो अग्रता दिलाए ।

त्यस्तै खेलको ३१औं मिनेटमा भगवती युथ क्लबका खेलाडी सन्तोष केसीले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए ।

त्यसपछि खेलको ५५औं मिनेटमा दिवसले व्यक्तिगत दोस्रो गोल गर्दै खुमलटारलाई २-१ को अग्रता दिलाए ।

खेलको ८३औं मिनेटमा सुरज बस्नेतले गोल गर्दै खुमलटारलाई ३-१ को अग्रता दिलाए। खेलको ८९औं मिनेटमा प्रसन्न श्रेष्ठले गोल गर्दै खुमलटारको अग्रता ४-१ को बनाए । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा भगवती युथका राजु गुरुङले गोल गरेपनि खुमलटार ४-२ ले विजयी भयो। यस जितसँगै खुमलटारले १० खेलमा १५ अङ्क जोडेको छ। यता पराजित भगवतीले समान १० खेलमा १४ अङ्क जोडेको छ।

## पपुवा न्युगिनीलाई हराउँदै नेपाल फाइनलमा

काठमाडौं, १७ चैत/रासस

नेपाल लगातार तेस्रो खेलमा जीत निकाल्दै त्रिकोणात्मक टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिजमा एक खेल अगावै फाइनलमा प्रवेश गरेको छ। पपुवा न्युगिनीलाई हराउँदै नेपालले उपाधि भिडन्त पक्का गरेको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले पपुवा न्युगिनीलाई ३७ रनले हरायो। नेपालले दिएको २०४ रनको लक्ष्य पछ्याएको पपुवा न्युगिनी १९.४ ओभरमा सबै विकेट गुमाएर १६६ रनमा समेटियो ।

पपुवा न्युगिनीका लागि चार्ल्स अमिनीले सर्वाधिक ६२ रनको योगदान दिए । उनले ४७ बल खेल्दै ९ चौका प्रहार गरे। टोनी उराले ४३ रन बनाए। त्यस्तै सेसे बाउले २५ रनको योगदान गरे भने नोरमान भानुअले १७, रिले हेकुरेले ६, चाड सोपरले २ तथा कप्तान असद भालाले एक रन बनाए। बलिङतर्फ नेपालका लागि करण केसीले ह्याट्रिससहित ५ विकेट लिए। त्यस्तै अविनाश बोहरा र सोमपाल कामीले दुई-दुई तथा कप्तान सन्दीप लामिछानेले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर २०३ रनको योगफल बनाएको थियो। नेपालका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ६६ रनको योगदान दिए। उनले ३३ बल खेल्ने क्रममा तीन चौका र चार छक्का प्रहार गरे। यस्तै रोहित पौडेलले ४१, आसीफ शेखले ३८, मोहमद आदिलले ३१, कुशल भुर्तेलले १७, आरिफ शेखले २ तथा करण केसीले एक रन बनाए। बलिङतर्फ पपुवा न्युगिनीका काबुआ मोरेआले तीन, राइली हेकुरेले दुई तथा नोर्मान आनुअ र नोसैना पोकनाले एक/एक विकेट लिए। जीतसँगै नेपालले ३ खेलमा ६ अङ्क जोडेको छ। नेपाल अङ्क तालिकाको शीर्षस्थानमा छ। सिरिजको पहिलो खेलमा नेपालले पपुवा न्युगिनीलाई १५ रनले तथा दोस्रो खेलमा मलेशियालाई ६ विकेटले पराजित गरेको थियो। नेपालले अब शनिवार मलेशियासँग खेल्नेछ।